खण्ड ७ संख्या ६ मिति जेठ ७ गते, २०८१ साल

जननी जन्मभूमिश्च स्वर्गादपि गरीयसी

# स्थानीय राजपत्र

## परशुराम नगरपालिकाद्वारा प्रकाशित

जोगबुडा, डडेल्धुरा, सुदूरपश्चिम प्रदेश, नेपाल

भाग २

स्थानीय सरकार

सुदूरपश्चिम प्रदेश सरकारको स्थानीय तहको कानून निर्माण प्रक्रिया ऐन, २०७५ को दफा २४(५) बमोजिम परशुराम नगरपालिकाको नगरकार्यपालिकाले बनाएको तल लेखिए बमोजिमको कार्यविधी सर्वसाधारणको लागि प्रकाशन गरिएको छ ।

## परशुरामनगरपालिकामा कृषिबजार विकास तथाब्यवस्थापन गर्न बनेको निर्देशिका २०८१

### प्रस्तावना

खाद्यान्न, तरकारी, फलफूल, नगदेवाली, पशुजन्य, कृषीजन्यउत्पादनलगायतकाविभिन्न कृषिउपजहरूको नगरपालिका क्षेत्रमामागतथाउत्पादनमावृद्धि हुँदै आएकोमा कृषकहरूबाट उत्पादित कृषितथापशुजन्य उपजहरूबाट कृषक, व्यापारी, उपभोक्ता समेतलाई लाभान्वितहुनेगरी नगरपालिकाभित्रको बजार प्रणालीकोव्यवस्थिततथाप्रतिस्पर्धात्मकविकास तथाव्यस्थापन गर्न वाञ्छनयि भएकाले,

परशुरामनगरपालिकको प्रशासकीयकार्यविधीनियमित गर्ने ऐन २०७४ को दफा ०४ बमोजिम परशुरामनगरपालिकाको नगरकार्यपालिका बैठकबाट यो “कृषिबजार विकास तथाव्यवस्थापननिर्देशिका, २०८०” स्वीकृत गरी लागु गरिएको छ ।

## परिच्छेद - १

## प्रारम्भिक

१. संक्षिप्तनाम र प्रारम्भ : (१) यो निर्देशिकाको नाम“कृषिबजार विकास तथाव्यवस्थापननिर्देशिका, २०८१” रहेको छ ।

(२) यो निर्देशिकातुरून्तप्रारम्भ हुनेछ ।

२. परिभाषाः विषयवा प्रसंगले अर्को अर्थ नलागेमा यस निर्देशिकामा,

(क) “कृषिबजार” भन्नाले फलफूल, तरकारी, तेलहन, दलहन, मसलावाली, पुष्प, च्याउ, मह, खाद्यान्न, माछा, मासु, अण्डा लगायतका वस्तु वा समितिले तोकेको अन्यखाद्यतथा कृषि वस्तु र कृषिउत्पादन सामग्री समेतको खरिद बिक्री सम्बन्धिक्रियाकलाप गर्न यस निर्देशिकाबमोजिमव्यवस्थापनगरिने स्थान सम्झनु पर्दछ ।

(ख) “कोष”भन्नाले समितिलाई प्राप्तनगदतथाजिन्सी सामान समेतलाई सम्झनु पर्दछ ।

(ग) “कृषि वस्तु” भन्नाले कृषि क्षेत्रबाट उत्पादितफलफूल, तरकारी, तेलहन, दलहन, मसलावाली, पुष्प, च्याउ, मह, खाद्यान्न, माछा, मासु, अण्डा जस्ता ताजावानाशवान वस्तु र समितिले ताकेको अन्यखाद्यतथा कृषिउपज र कृषिउत्पादन सामाग्री समेत सम्झनु पर्दछ ।

(घ) “कृषिथोक बजार” भन्नाले पुनःबिक्रिवितरण हुने गरी पाँचकिलो वा सो भन्दा बढी कृषि वस्तुको खरिद बिक्रिहुने उद्देश्यले संचालित स्थल सम्झनु पर्दछ ।

(ङ) “नगरपालिका”भन्नाले परशुरामनगरपालिकालाई सम्झनु पर्दछ ।

(च) “कृषिउपज संकलन केन्द्र”भन्नाले उत्पादन क्षेत्रबाट कृषिउपज खरीद गरी वा संकलनमात्र गरी अन्यत्रबजारमा बेच बिखन गर्ने उद्देश्यले संचालित स्थल सम्झनु पर्दछ ।

(छ) “समिति”भन्नाले यस निर्देशिकाबमोजिम गठन भएको समिति सम्झनुपर्दछ ।

(ज) “कृषिखुद्राबजार” भन्नाले कृषि वस्तु उपभोक्ताहरूको लागि फुटकर रूपमा खरीदबिक्री गर्ने उद्देश्यले सञ्चालितबजार स्थल सम्झनु पर्दछ ।

(झ) “अध्यक्ष”भन्नाले समितिको अध्यक्ष सम्झनु पर्दछ ।

(ञ) “सदस्य”भन्नाले समितिको सदस्य सम्झनु पर्दछ ।

(ट) “सेवाशुल्क”भन्नाले बजारमाउपलब्ध गराइएको सेवावा सुविधावापत समितिलाई प्राप्तहुने इजाजतशुल्क, प्रवेश शुल्क, स्थानतथानिर्मित संरचनाउपलब्ध गराएवापतको भाडा वाअन्य सेवाशुल्क सम्झनु पर्दछ ।

(ठ) “बजार व्यवस्थापक”भन्नाले यस निर्देशिकाबमोजिमतोकिएको बजार व्यवस्थापकवा सदस्य सचिव सम्झनु पर्दछ ।

## परिच्छेद - २

## समितिको गठन, कामकर्तव्य र अधिकार

३. नगरस्तरीय कृषिबजार व्यवस्थापन समितिको गठन :

(१) संकलन केन्द्र र खुद्राबजारको आवस्यकतानुसार संचालन, व्यवस्थापन, नियमन र नियन्त्रण गर्न देहायबमोजिमनगरस्तरीय कृषिबजार व्यवस्थापन समिति गठन हुनेछ ।

(क) नगरपालिकाको प्रमुख संयोजक

(ख) नगर उपप्रमुख सदस्य

(ग) आर्थिक विकास समिति संयोजक सदस्य

(घ) सम्बन्धित वडाको अध्यक्ष सदस्य

(ङ) बजार व्यवस्थापन समितिअध्यक्ष सदस्य

(च) उद्योग वाणिज्य संघ अध्यक्ष सदस्य

(छ) नगर कृषक समन्वय समिति संयोजकसदस्य

(ज) बजारको मुख्यप्रभाव क्षेत्र भित्रको सक्रिय कृषक समूहको एकजनामहिला सहितदुइजनाप्रतिनिधि, सदस्य

(झ) खुद्राबजार र संकलन केन्द्रमाइजाजतलिई नियमित कारोबार गर्ने दुइजनाव्यापारी प्रतिनिधि, सदस्य

(ञ) पशु /कृषिशाखाप्रमुख सदस्य-सचिव

(२) खण्ड (ङ) माजुनसुकै कुरा लेखिएको भएतापनि समितिले आफ्नै श्रोतबाट बजार व्यवस्थापकनियुक्तनभएसम्मको लागिनगरको कृषितथापशु शाखाले तोकेको कर्मचारीले बजार व्यवस्थापकको रूपमाकार्य गर्नेछ ।

४. समितिको काम, कर्तव्य र अधिकार : समितिको काम, कर्तव्य र अधिकार देहायबमोजिमहुनेछ-

(क) कृषिबजार संचालन गर्न आवस्यकपूर्वाधारको व्यवस्था, नियमन, अनुगमन र नियन्त्रण गर्ने ।

(ख) बजारको विकास, विस्तार र गुणस्तरीय सेवाप्रवाह गर्ने सम्बन्धमाकार्ययोजनाबनाई लागु गर्ने ।

(ग) बजार संचालनको लागिआवश्यक पर्ने कर्मचारी दरबन्दी, सेवाशर्त र सुविधायकिन गरी आम्दानीको आधारमाकर्मचारी व्यवस्थापन गर्ने ।

(घ) यस निर्देशिकाको उद्देश्य कार्यान्वन गर्न विभिन्नउपसमिति गठन, कार्यविधिहरू निर्माण गर्नुपर्ने भएआफ्नो कार्यविधीआफैं निर्माण गरी कार्यान्वयनगर्ने गराउने । आफूले गर्नुपर्ने काम गर्न उपसमिति गठन गरी कार्य गर्न सक्नेछ ।

(ङ) कृषिबजारको सम्बन्धमाआवश्यक सूचना सर्वसाधारण नागरिकको लागि सम्प्रेषण गर्ने ।

(च) बजारको विकास, विस्तार र बजारबाट प्राप्तहुन सक्ने सेवाका सम्बन्धमाप्रचार प्रसार गर्ने ।

(छ) कृषिउत्पादक, व्यापारी, उपभोक्ता, संघ, संस्थातथाअन्य सम्बन्धितनिकायलाई बजार सेवा, सुविधाउपलब्ध गराउने ।

(ज) कृषिबजारको भौतिक सुविधाको संरक्षण, मर्मत संभार तथा संवर्द्धन गर्ने, गराउने ।

(झ) बजार संचालन सम्बन्धीकुनै समस्याउत्पन्नभएमा सो समाधान गर्ने, गराउने ।

(ञ) बजार स्थलभित्रको फोहोर व्यवस्थापन गरी स्वस्थवातावरण कायम गर्ने, गराउने ।

(ट) समितिले वार्षिक स्वीकृत कार्यक्रमतथा बजेटको परिधिभित्र रहेर खर्च गर्ने ।

(ठ) बजारको दीर्घकालिनविकास र विस्तार सम्बन्धी पेश भएको गुरू योजना स्वीकृत गर्ने ।

(ड) गुणस्तरहीनअखाद्यवा मिसावटयुक्त तथाउपभोक्ताको स्वास्थ्यमाप्रतिकूल असर पर्ने उपज/वस्तु खरिद-बिक्री गर्न नपाइने व्यवस्थामिलाउने ।

(ढ) प्रमाणिक नापतौल प्रणाली (Stadard Weight and Measuring System)तथाआधिकारीक निकायबाट प्रमाणित/स्वीकृत नापतौल विपरीत कार्य गरेको पाइएमा सामग्री/उपकरण जफत गरी कारवाही गर्ने ।

(ण) बजारको विकास, विस्तार र गुणस्तरीय सेवाप्रवाह गर्ने सम्बन्धमाकार्ययोजनाबनाई लागु गर्ने ।

(त) बजार संचालनको लागिआवश्यक पर्ने कर्मचारी दरबन्दी, सेवाशर्त र सुविधायकिन गरी स्वीकृतिकालागिबजार व्यवस्थापननियमन समितिमा पेश गर्ने ।

(थ) बजारको विकास, विस्तार र बजारबाट प्राप्तहुन सक्ने सेवाका सम्बन्धमाप्रचार प्रसार गर्ने,

(द) कृषिउत्पादक, व्यापारी, उपभोक्ता, संघ, संस्थातथाअन्य सम्बन्धितनिकायलाई बजार सेवा, सुविधाउपलब्ध गराउने,

(ध) कृषिबजारको भौतिक सुविधाको संरक्षण, मर्मत संभार तथा संवर्द्धन गर्ने, गराउने ।

(न) बजार संचालन सम्बन्धीकुनै समस्याउत्पन्नभएमा सो समाधान गर्ने, गराउने ।

(प) बजार स्थलभित्रको फोहोर व्यवस्थापन गरी स्वस्थवातावरण कायम गर्ने, गराउने ।

(फ) कृषिशाखाको प्राविधिकको सहयोगमा योजनातर्जुमा, वार्षिक कार्यक्रम र बजेट तर्जुमा गर्ने तथा स्वीकृत गराई कार्यान्वयनको व्यवस्थामिलाउने,

(ब) स्वीकृत कार्यक्रमतथा बजेटको परिधिभित्र रहेर खर्च गर्ने गराउने ,

(भ) गुणस्तरहीनअखाद्यवा मिसावटयुक्त तथाउपभोक्ताको स्वास्थ्यमाप्रतिकुल असर पर्ने उपज/वस्तु खरिद बिक्री गर्न नपाइने व्यवस्थामिलाउने ।

(म) बजारमा कारोबार गर्ने व्यक्तिले प्रमाणिक नापतौल प्रणाली तथाआधिकारीक निकायबाट प्रमाणित/स्वीकृत नापतौल विपरीत कार्य गरेको पाइएमा सामग्री/ उपकरण जफत गरी कारबाही गर्ने ।

(य) समितिले आफ्नो वैठक सञ्चालनलगायतअन्यकार्य गर्न आफ्नो कार्यविधीआफैं तय गर्नेछ ।

५. बडास्तरीय कृषिबजार व्यवस्थापन समितिको गठन :

(१) संकलन केन्द्र र खुद्राबजारको संचालनएवं व्यवस्थापन गर्न देहायबमोजिम कृषिबजार व्यवस्थापन समिति गठन हुनेछ ।

(क) वडा अध्यक्ष संयोजक

(ख) वडा सदस्यहरु सदस्य

(ग) वडा कृषक समन्वय समिति संयोजक सदस्य

(घ) वडा समितिले तोकेको वडा भित्रको बजारको मुख्यप्रभाव क्षेत्र भित्रको सक्रिय कृषक समूहको एकजनामहिला सहितदुइजनाप्रतिनिधि सदस्य

(ङ) वडा भित्रको खुद्राबजार र संकलन केन्द्रमाइजाजतलिई नियमित कारोबार गर्ने दुइजनाव्यापारी प्रतिनिधि सदस्य

(च) पशु/ कृषिशाखाको सम्बन्धीत वडा हेर्ने कर्मचारी सदस्य-सचिव

६. सदस्यहरूको पदावधि : (१) मनोनीत सदस्यहरूको पदावधिमितिले २ वर्षको हुनेछ ।

(२) समितिले आवश्यक देखेमा सरकारी कर्मचारी, कुनै स्वदेशीवाविदेशी संस्थाको प्रतिनिधि, विशेषज्ञ वा सल्लाहकारलाई समितिको बैठकमा आमन्त्रण गर्न सक्ने छ ।

## परिच्छेद - ३

## कृषक बजार व्यवस्थापन समितिको गठन, दर्ता प्रकिया र काम, कर्तव्य अधिकार

७. कृषिबजार समितिः (क) नगरपालिकामा कृषिबजार स्थापना गर्न नगरस्तरीय कृषिबजार

व्यवस्थापन समितिले कुनै सदस्यको अध्यक्षतामाकम्तीमा७जनाको कृषिबजार व्यवस्थापनउपसमिति र वडास्तरीय कृषिबजार व्यवस्थापन समितिले वडामा कुनै सदस्यको अध्यक्षतामाकम्तीमा७जनाको कृषिबजार व्यवस्थापनउपसमिति गठन गर्नसक्नेछ । उपसमितिहरुलाई समितिले आफ्नो सवै अधिकार प्रत्यायोजन गर्न सक्नेछ ।

(ख) नगरभित्रका कृषकहरु मिलेर प्रचलितकानूनबमोजिमको विधाननिर्माण गरी कम्तीमा७जनाको कृषिबजार समिति गठन गर्न सक्नेछन् । समितिलाई वडा कार्यालयको सिफारिसमा कृषिशाखामादर्ता गरिनेछ । कृषकहरुको कृषिबजार समितिले नगर तथा वडास्तरीय कृषिबजार व्यवस्थापन समिति र कृषितथापशु शाखाको पूर्ण निर्देशनमाकार्य गर्नुपर्नेछ ।

८. सदस्यहरूको योग्यता : यस निर्देशिकाको दफा७बमोजिमहुने समितितथाउपसमितिले यस कार्यविधीको अनुसूचीहरु बमोजिमको कागजातहरु बनाउनु पर्नेछ र समिति, उपसमितिका सदस्यको लागि देहायबमोजिमको योग्यतापुगेको हुनु पर्नेछ ।

(क) नेपालीनागरिक

(ख) २५ वर्ष उमेर पुगेको,

(ग) कुनै अदालतबाट कैद सजायभएको रहेछ भने सो भुक्तानभएको पाँचवर्ष पुरा भएको

(घ) मगज नबिग्रेको,

(ङ) कुनै राजनैतिकपदमाबहाल नरहेको,

(च) कृषिउपजबजारको कोष वा सम्पत्तिअपचलन गरेको प्रमाणित नभएको ।

९. समितिको बैठक र निर्णय : (१) समितिको नियमित बैठक प्रत्येक महिनामा एक पटक अध्यक्षले तोकेको स्थान, मिति र समयमा बस्नेछ ।

(२) समितिको बैठकको अध्यक्षताअध्यक्षले गर्ने छ र निजको अनुपस्थितिमा बैठकमा उपस्थिति सदस्यहरू मध्ये जेष्ठ सदस्यले गर्नेछ ।

(३) समितिमाबहुमतको निर्णय मान्यहुनेछ र मत बराबर भएमा बैठकको अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिन सक्नेछ ।

(४) बैठकको निर्णय अध्यक्ष र सदस्य-सचिवले प्रमाणित गर्नुपर्नेछ ।

(५) समितिको बैठक सम्बन्धिअन्यकार्यविधि समितिले निर्धारण गरे बमोजिमहुनेछ ।

१०. गणपूरक संख्याः समितिको कुल सदस्य संख्याको कम्तीमाएकाउन्नप्रतिशत सदस्यहरू उपस्थितभएमा समितिको बैठकको लागि गणपूरक संख्यापुगेको मानिने छ ।

११. उप-समितिको गठन गर्न सक्ने : समितिले आफ्नो कार्य संचालनमा सघाउ पुऱ्याउन समितिकाकुनै सदस्यको संयोजकत्वमा उप-समिति गठन गर्न सक्ने छ र त्यस्तो उप-समितिको काम, कर्तव्य र अधिकार समितिले निर्धारण गरे बमोजिमहुनेछ ।

१२. समितिको कार्यालय : समितिको कार्यालय कृषिबजारको परिसर भित्र रहनेछ ।

## परिच्छेद-३

## कृषिबजार दर्ता, अनुगमन र नविकरण

१३. कृषिबजार दर्ता सम्बन्धीव्यवस्था : (१) कृषकहरु द्वारा गठीत कृषिबजार समितिथोक बजार र अन्यबजारहरूको हकमा सम्बन्धित वडाका कार्यालयको सिफारिसमाशाखामादर्ता गरी सोको जानकारी नगरपालिकामा गराउनु पर्नेछ ।

(२) बजार समितिदर्ता गर्दा देहायका मापदण्ड एवं प्रकृया पुरा भएको हुनुपर्नेछ ।

(क) बजार स्थापनाको लागि यथेष्ट रूपमाजग्गाको क्षेत्रफलउपलब्धहुनुपर्नेछ ।

(ख) कारोबारको अवस्था ।

(ग) बाटोको सुविधा ।

(घ) अन्यबजारहरूको सामिप्यता ।

(ङ) कृषिउपजको उत्पादनको अवस्था ।

१४. नविकरण सम्बन्धीव्यवस्था :

समितिले प्रत्येक ३ वर्षमादर्ता नविकरण गराउनु पर्नेछ । नविकरणको आवेदन साथउक्तअवधिको समितिको लेखा परीक्षण प्रतिवेदन र वस्तु अनुसारको कारोबार (परिमाण र रकम) समेत संलग्न राखि पेश गर्नु पर्नेछ । समितिदर्ता गर्ने निकायबाट नै नविकरण गरिनेछ । थोक बजारको हकमा सम्बन्धित वडा कार्यालयको सिफारिस सहितनगरपालिकामाआवदेन दिनु पर्नेछ ।

१५. बजारमापूर्वाधार विकासकालागि सरकारी लगानीप्राप्त गर्न देहायका मापदण्ड एवं प्रक्रिया पुरा भएको हुनु पर्नेछ ।

क) बजारको स्थापनावापूर्वाधार विकास गर्न प्राविधिक रूपमा सम्भाव्यहुनुपर्ने ।

ख) बजार केन्द्रले चर्चेको/चर्चिने जग्गाको स्वामित्व सार्वजनिकवा संस्थागतनिकायमा रहनु पर्ने र सो को उपयोग बजार संचालनप्रयोजनकालागिमात्रहुने गरी उक्तजग्गाउपलब्धहुनुपर्नेछ । कृषिबजारको स्थापनाको लागिआवश्यकजग्गाव्यवस्था गर्नु नगरपालिकाको कर्तव्य हुनेछ ।

ग) बजार केन्द्रले चर्चेको/चर्चने जग्गाको स्वामित्व, साँधसिमाना र भोगचलन पूर्णतःविवाद रहिततथाकुनै प्रकारको अतिक्रमण वाखिचोलानभएको हुनुपर्ने ।

घ) प्रस्तावकनिकाय/लाभग्राहीद्वारा बजारको संचालन, बजारबाट हुने आम्दानीखर्चको बाँडफाँट र वितरण तथाअन्यआर्थिक एवं व्यवस्थापकीयजिम्मेवारी र दायित्वहरूको बहनका साथै निर्देशिकाको पूर्ण रूपमा परिपालना गर्ने व्यहोराको मन्जुरीनामा पेश गरेको हुनुपर्ने ।

१६. अनुगमन सम्बन्धीव्यवस्था :

परशुरामनगरपालिका र अन्तर्गतका वडा कार्यालयबाट समितिको काम कारबाहीतथाबजार कारोबार जुनसुकै बेलापनिनिरिक्षण गर्नेछ र आवश्यक परेको कागजातउपलब्ध गराउनु समितिको कर्तव्य हुनेछ । नगरपालिका र वडा कार्यालयले निरन्तर अनुगमनगरि समस्या समाधान गर्नुपर्नेछ ।

## परिच्छेद-४

## समितिको आर्थिक व्यवस्था

१७. समितिको कोष :

(१) समितिको एउटा छुट्टै कोष हुनेछ । समितिको कोषमा देहायका रकमहरू रहने छन् र समितिको सबै खर्च सो कोषबाट व्यहोरिने ।

(क) नगरपालिकाबाट समितिलाई प्राप्त रकम,

(ख) सेवा सुविधाबाट प्राप्तशुल्क र रकम,

(ग) विभिन्नव्यक्तिवा संघ, संस्थाबाट प्राप्त रकम,

(घ) विदेशी सरकार/अन्तर्राष्ट्रिय संघ संस्थाबाट प्राप्त सहयोग

(ङ) अन्यनियमित स्रोतबाट प्राप्त रकम ।

(२) समितिलाई प्राप्त रकम नेपाल राष्ट्र बैंकबाट बैकिगं कारोबार गर्न मान्यताप्राप्त बैंकमाखाताखोलीजम्मा गर्नु पर्नेछ ।

(३) विदेशी सरकार वाअन्तर्राष्ट्रिय संघ संस्थाबाट आर्थिक तथाप्राविधिक सहयोग प्राप्तगर्दा नेपाल सरकारको पूर्व स्वीकृतिलिनु पर्नेछ ।

(४) समितिको खाता संचालक समितिको अध्यक्ष र बजार व्यवस्थापक/सदस्य-सचिवको संयुक्त दस्तखतबाट हुनेछ ।

१८. आर्थिक प्रशासन :

(१) समितिको आयव्ययको लेखा नेपाल सरकारबाट स्वीकृत ढाँचामा

राखिने छ ।

(२) समितिको लेखा परीक्षण आर्थिक कारोबारको आधारमा चार्टर्ड एकाउन्टेण्ट वा रजिष्टर्ड लेखा परीक्षकबाट आर्थिक वर्ष सकिएको ३ महिनाभित्र गराउनु पर्नेछ ।

(३) समितिले आर्थिक वर्ष समाप्तभएको तीनमहिनाभित्रवार्षिक आय व्यय विवरण सहितको प्रतिवदेन तोकिएको नियामकनिकायहरू क्रमशः वडामा र नगरपालिकामाबुझाउनुपर्ने छ ।

(४) समितिले आयव्ययको विवरण प्रत्येक महिनामा सूचना पाटीमा सूचना टास गरी सार्वजनिक गर्नुपर्ने छ ।

(५) लेखा परीक्षणबाट प्राप्तप्रतिवेदनकार्यान्वयन गर्नुपर्ने छ ।

(६) समितिले आर्थिक कार्य गर्दा/गराउँदाप्रचलित ऐन, नियम र आर्थिक कार्य विधिको अधिनमा रही समितिको स्वीकृत "आर्थिक प्रशासनकार्यविधि"बमोजिम गर्नु गराउनु पर्नेछ ।

(७) समितिको सम्पूर्ण आर्थिक कारोबार र खर्चको विवरण समितिको नियमित बैठकद्वारा अनुमोदन गराउनु पर्नेछ ।

१९. <u>कृषिउपजबजार स्थलको वर्गीकरण र कोषमाजम्मा रकमखर्च गर्ने व्यवस्था</u> : कृषिउपजबजार स्थलकुलवार्षिक आयको आधारमा देहायबमोजिमको वर्गीकरण गरिनेछ ।

(१) वार्षिक रू २० लाखभन्दा बढी आयहुने बजार स्थल, “क”वर्ग ।

(२) वार्षिक रू १० लाख देखि रू २० लाखसम्मआयहुने बजार स्थल, “ख”वर्ग ।

(३) वार्षिक रू १० लाखसम्मआयहुने बजार स्थल, “ग”वर्ग ।

२०. बजारको खर्च व्यवस्थापन : बजारको खर्च व्यवस्थापन देहायबमोजिमगरिने छ ।

(१) “क”वर्गका बजारले कुलआयको ७० प्रतिशत रकमनियमितबजार संचालन गर्न (कर्मचारी तलब, भत्ता, बैठक भत्ता, बिजुली, पानी, टेलिफोन, चियापनतथाअन्य भैपरी खर्च आदि) तथा मर्मत संभार कार्य र जग्गाउपयोग गरे वापतलाग्ने रकममाव्यहोर्ने र ३० प्रतिशत रकम स्थायीनिर्माण कार्य गर्न छुट्याउने ।

(२) “ख”वर्गको बजारले कुलआयको ८० प्रतिशत रकमनियमितबजार संचालन गर्न तथा मर्मत संभार कार्य र जग्गाउपयोग गरे वापतलाग्ने रकममाव्यहोर्ने र २० प्रतिशत रकम स्थायीनिर्माण कार्य गर्न छुट्याउने ।

(३) “ग”वर्गको बजारले कुलआयको ९० प्रतिशत रकमनियमितबजार संचालन गर्न तथा मर्मत संभार कार्य र जग्गाउपयोग गरे वापतलाग्ने रकममाव्यहोर्ने र १० प्रतिशत रकम स्थायीनिर्माण कार्य गर्न छुट्याउने ।

(४) स्थानीयतहद्वारा संचालितबजारबाट उठेको कुल रकमको कम्तीमा २५ प्रतिशत रकम सोहीबजारको पूर्वाधार निर्माण/विकासमा खर्च गर्नुपर्ने ।

## परिच्छेद-५

## कर्मचारी सम्बन्धीव्यवस्था

२१. कर्मचारी सम्बन्धीव्यवस्था : (१) समितिको कार्य संचालनको निमित्त समितिले आफ्नो आर्थिक क्षमताको आधारमाआधारमाकर्मचारी व्यवस्था गर्न सक्नेछ ।

(२) यस निर्देशिकाबमोजिम समितिको लागिआवश्यककर्मचारी पदपूर्ति गर्न देहायबमोजिमको “पदपूर्ति उप-समिति” रहनेछ ।

(क) समितिले तोकेको सदस्यअध्यक्ष

(ख) नगरपालिकाको प्रतिनिधि, सदस्य

(ग) समितिको सचिव सदस्य सचिब

(३) कर्मचारी प्रशासनविनियमावलीमाकर्मचारीको नयाँनियुक्तिवा बढुवा गर्दा कर्मचारी प्रशासनविनियमावलीमा स्पष्ट व्यवस्थानभएमाप्रचलितकानुनमाभएको व्यवस्थालाई अवलम्बन गर्नुपर्नेछ ।

(४) समितिकाकर्मचारीहरूको परिचालन र आर्थिक लगायतका सेवा सम्बन्धी सुविधाहरूको पूर्ण दायित्व समितिमाहुनेछ ।

२२. व्यवस्थापकको नियुक्ति : (१) समितिले बजार व्यवस्थापकको नियुक्ति गर्ने छ ।

(२) उपदफा (१) बमोजिमनियुक्तीगर्दा खुलाप्रतिस्पर्धाको आधारमा गर्नेछ ।

२३. व्यवस्थापक योग्यता : व्यवस्थापकपदको लागि देहायबमोजिमको योग्यतापुगेको हुनुपर्ने छ ।

(१) नेपालीनागरिक

(२) २५ वर्ष पुरा भई ४० वर्ष ननाघेको,

(३) कृषि, अर्थशास्त्रवा अर्थशास्त्रवाव्यवस्थापनवाविकास प्रशासनविषयमा प्रविणता प्रमाणपत्र तह उत्तीर्ण गरेको,

(४) कानूनबमोजिमकुनै पनिकिसिमको सजायनपाएको भनि स्वघोषणा गरेको हुनुपर्ने छ ।

२४. काम, कर्तव्य र अधिकार : व्यवस्थापकको काम, कर्तव्य र अधिकार देहायबमोजिमहुनेछ -

(१) आफू मातहरूकाकर्मचारीहरूको रेखदेख र नियन्त्रण गर्ने ।

(२) समितिको निर्णय कार्यान्वयन गर्ने/गराउने

(३) बजार व्यवस्थाको लागिआवश्यकवार्षिक, अल्पकालिनतथा दीर्घकालिन योजनातर्जुमा गरी समिति समक्ष पेश गर्ने ।

(४) कृषिबजार विकाससँग सम्बन्धितविभिन्ननिकायहरूसँग समन्वय राखीकार्य गर्ने ।

(५) समिति र सदश्य सचिवले तोकेको अन्यकार्यहरू गर्ने/गराउने ।

## परिच्छेद - ६

## स्टल वा स्थानवितरण सम्बन्धीव्यवस्था

२५. स्टल वा स्थानवितरण सम्बन्धीव्यवस्था : बजार स्थलबाट उपलब्ध गराइने स्टल, स्थानआदिको भाडा निर्धारण गर्दा समितिद्वारा देहायकाआधार र प्रक्रियाअपनाइनेछ ।

(१) भाडा निर्धारणको आधार :

(क) बजार स्थापना र पूर्वाधार विकासमाभएको लगानी,

(ख) बजारको संचालन, व्यवस्थापनखर्च,

(ग) भौतिक संरचना, उपकरण र सुविधाहरूको मर्मत संभार तथाबिमाखर्च,

(घ) बजारमाथपपूर्वाधार विकास एवं सुविधाविस्तारका लागिआवश्यक पर्ने लगानी,

(ङ) जनशक्तिविकास तथाउत्प्रेरणा खर्च,

(च) आकस्मिकआर्थिक दायित्वतथा जोखिमव्यवस्थापनकालागिआवश्यक पर्ने रकम,

(छ) अन्य संस्थावानिकायसँग समितिले लिजवा करारमाजमिनवा टहरा वा सटर लिई भाडामा लगाउनु पर्दा यस निर्देशिकाबमोजिम भाडा निर्धारण गर्न नसकिने अवस्थामाजिल्ला भाडा निर्धारण समितिले निर्धारण गरेको भाडा दरलाई मानिनेछ ।

(२) भाडा निर्धारणको प्रक्रिया :

(क) समितिले भाडामा उपलब्ध गराउने स्टल, स्थानआदीको वर्गीकरण गर्ने,

(ख) भाडा निर्धारणको आधार बमोजिमको खर्च अनुमानतथाबजार क्षेत्र वरिपरि प्रचलित भाडादर समेतलाई मध्यनजर गरी आवधिक भाडा वृद्धिदर समेतको प्राविधिक प्रस्तावतयार गर्ने,

(ग) समितिले भाडा निर्धारण सम्बन्धिप्राविधिक प्रस्तावप्रमुखजिल्लाअधिकारीको अध्यक्षतामा रहने घरभाडा निर्धारण समितिबाट स्वीकृत गराई सो को आधारमा भाडा निर्धारण गर्नेछ । तर उक्त भाडादर बजार क्षेत्र आसपास प्रचलित समानप्रकारको स्टल, स्थानको औसत भाडादर भन्दाकम्तिमापनि १० प्रतिशत सस्तो हुने गरी कायमगरिनेछ ।

(३) समितिले कुल स्टल टहरा वा कोठा वा स्थानहरू मध्ये १० प्रतिशत कृषि सहकारी संस्था र कृषक समूहको लागि छुट्याउनु पर्नेछ ।

(४) स्टल सम्बन्धी सम्झौता भएपछि समितिबाट निर्धारण गरिएको शुल्कवार्षिक रूपमा राष्ट्र बैंकको औसत मूल्य वृद्धिदर अनुसार वृद्धि हुनेछ ।

(५) समितिले प्राङ्गारिक कृषिउपजलाई कम्तिमा १ र IPM बाट आएको उपजलाई कम्तिमा १ वटा स्टल छुट्याइने छ ।

(६) समितिसँग सम्झौतागर्दा समितिले तोकेको भाडाको कम्तिमा ३ महिनाको रकम धरौटी लिई स्टल वा स्थानउपलब्ध गराउनु पर्नेछ ।

(७) समितिले एक पटकमा बढिमा ५ वर्षसम्मको लागि स्टल वा स्थानउपलब्ध गराउन सक्नेछ ।

(८) एक परिवारलाई एक वटा मात्र स्टल वा स्थानउपलब्ध गराइने छ । उपलब्ध गराइएको स्टल वा स्थान कसैलाई भाडामा लगाएको पाईएमा समितिले सम्झौता रद्ध गरी स्टल भाडामा लिंदा राखेको धरौटी जफत गर्नेछ र सोको सूचना सम्बन्धितपक्षलाई दिनेछ ।

## परिच्छेद -७

## विविध

२६). पदाधिकारी तथा सदस्यलाई निलम्वन गर्न सकिने : पदाधिकारी तथा सदस्यले देहायको कसूर गरेमानिजहरूलाई व्यवस्थापन समितिले तीनमहिनासम्मनिलम्वनमा राख्न सक्नेछ ।

क) आर्थिक अनियमितता गरेमा,

ख) पदीयअख्तियारको दुरूपयोग गरेमा,

ग) शान्ति सुरक्षामाखलल गर्ने कार्य गरेको ।

२७) बीमा सम्बन्धी : थोक बजार र “क”वर्गका जुनसुकै बजारहरूले स्थायीभौतिक संरचना, मेसिन-उपकरण एवं सवारी साधनहरूको बीमा गराउनु पर्नेछ । अन्यबजारहरूले आफ्नो क्षमताअनुसार त्यस्तो बीमा गर्न सक्नेछन्।

२८) लाभांशवितरण : बजारको स्थापनावा संचालनमा संलग्नजग्गादाता, स्थानीय साझेदार वा सहयोगीनिकाय/संघसंस्थालाई त्यस्तो साझेदारी वा सहयोग वापतलाभांशप्रदान गर्नुपर्ने अवस्थामानिजहरूको योगदानको आधारमा समितिले खुदमूनाफाको ५ प्रतिशतभन्दा बढी नहुने गरी उपलब्ध गराउन सक्नेछ । सो भन्दा बढी मुनाफावितरण गर्नुपर्ने भएमानिर्देशनालयको स्वीकृतिलिनु पर्नेछ ।

२९) स्थान, समय तोक्न सक्ने : नगरपालिकालले सर्वसाधारणको सुविधा, सर- सफाई तथा ट्राफिक व्यवस्थापन समेतको कार्यलाई दृष्टिगत गरी कृषिउपजहरूको खरिद  बिक्रीकार्यको लागि यस निर्देशिकाको प्रतिकुलनहुने गरी निश्चित स्थान, समय र प्रकृया  तोक्न सक्नेछ ।

३०) व्यवसायीले पालन गर्नुपर्ने आचरण : बजार स्थलमाव्यवसाय गर्न चाहने व्यापारी वाव्यवसायीले देहायकाआचरण पालन गर्नुपर्नेछ ।

क) इजाजतप्राप्तव्यापारी/व्यवसायीले प्रचलितकानुनबमोजिमतिर्नुपर्ने सम्पूर्ण करहरू तिरेको र व्यवसायनविकरण गर्दा कर चुक्ताको प्रमाण पेश गर्नुपर्ने छ ।

ख) बजार व्यवस्थापन समितिलाई आफूले प्रयोग गरेको सुविधावापतबुझाउनु पर्ने भाडा वाअन्यशुल्कबुझाउँदाव्यवस्थापन समितिको खातामाजम्मा गरेको भौचर पेश गर्नुपर्नेछ ।

ग) इजाजतप्राप्तव्यक्तिआफ्नो परिचयपत्रफोटो सहित देखिने गरी झुन्डाएर व्यापार गर्नुपर्ने छ ।

३१) संशोधन : नगरकार्यपालिकाले यो निर्देशिकाआवश्यकताअनुसार संशोधनएवं  परिमार्जन गर्न सक्नेछ ।

अनुसूची - १

समितिले प्रयोग गर्ने लोगो तथा छापको

नमूना

अनुसूची - २

समितिले प्रयोग गर्ने लेटरप्याडको नमूना

दर्ता नं..................

ईमेल....................

फोन नं. :..............

फ्याक्स नं.:.............

..........कृषिबजार व्यवस्थापन समिति

.........................................., नेपाल

Agricultural Market Management Committee

...............................

Nepal

प.सं. : मिति :

Ref : Date :

विषय(Sub):

अनुसूची ३

दर्ता नं.                समितिले प्रयोग गर्ने साईनबोर्डको नमूना

........... कृषिबजार व्यवस्थापन समिति ...... नेपाल

(......Agricultural Market Management Committee,

..........................................................), Nepal

अनुसूची ४

भौतिक सम्पत्ति/सामग्री

..........कृषिबजार व्यवस्थापन समिति, ..................नेपाल,

कृषिबजार व्यवस्थापन समिति, ............................................................ ले प्रयोग गर्ने भौतिक सम्पत्ति/सामग्रीहरूको विवरण

| क्र.सं. | विवरण | परिमाण | कैफियत |
|---|---|---|---|
| | | | |

अनुसूची ५

परशुराम नगरपालिका

जोगबुडा डडेल्धुरा

दर्ता नं. :.................... मिति :

२०८०/......../..........

विषय : कृषिबजारको दर्ता प्रमाण पत्र

कृषिबजार विकास तथाव्यवस्थापननिर्देशिका, २०८० को दफा १४ (१) बमोजिमश्री..........................................ठेगाना...................................... ............लाई मिति २०८०/...../....... माथोक/संकलन केन्द्र/खुद्राबजारको रूपमादर्ता गरी यो प्रमाण पत्रप्रदानगरिएको छ।

................................

दर्ता गर्ने अधिकारी

मिति :.......................

अनुसूची ६

नविकरणको ढाँचा

| क्र.सं. | व्यवस्थापन समितिको नाम | दर्ता मिति | सदस्यतालिएको मिति | सदस्यता नविकरण गर्ने मिति | कैफियत |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |

अनुसूची -७

कृषिबजार व्यवस्थापन समिति र बजार उपयोगकर्ता बिच स्टल/स्थान भाडा सम्बन्धी सम्झौता - पत्रको नमूना

कृषिबजार व्यवस्थापन समिति,....... ..................... र श्री ................................बिच स्टल/स्थान/............................ भाडा सम्बन्धी

सम्झौता-पत्र

................. जिल्ला .............. महानगरपालिका/उपमहानगरपालिका/नगरपालिका/गाउँपालिका, वडा नं. ......... अन्तर्गत .................. माअवस्थित कृषिउपजबजार स्थल ..................को संचालनव्यवस्थापनकालागि कृषिबजार विकास तथाव्यवस्थापननिर्देशिका, २०८० अनुसार गठित कृषिबजार व्यवस्थापन समिति (यस पछि यस सम्झौता-पत्रमा"समिति"भनि सम्बोधनगरिनेछ) र ................ जिल्ला ..........................., महानगरपालिका/नगरपालिका/ गाउँपालिका., वडा नं. ...........बस्ने श्री..........................................(यस पछि यस सम्झौता-

पत्रमा"व्यापारी"/"कृषक"भनि सम्बोधनगरिनेछ) का बिच निम्नलिखितशर्तहरूको अधिनमा रही स्टल/कोठा/स्थान भाडा लिने/दिने कार्यका लागिदुवै पक्ष बिच सहमतीभएकाले यो सम्झौतागरिएको छ ।

सम्झौताकाशर्तहरू

समितिले ................ थोक/खुद्रा/कृषक ब्लकको ............................ वर्ग फिट क्षेत्रफलभएको .................. नं. को स्टल/कोठा/स्थानफलफूल, तरकारी वा समितिद्वारा तोकिएको अन्य कृषिउपज/वस्तु (................) को कारोबार (खरिद-बिक्री र भण्डरण) गर्ने प्रयोजनकालागिव्यापारी/कृषकलाई उपलब्ध गराउनेछ ।

२. व्यापारी/कृषकले स्टल/कोठा/स्थान भाडा वापतमासिक रू........., (अक्षरेपी .................) समितिलाई बुझाउने छ ।

३. व्यापारी/कृषकले तीनमहिनाको भाडा बराबरको एकमुष्ठ रकमअग्रीम धरौटीको रूपमासमितिको धरौटी खातामाजम्मा गरेपछि मात्र सम्झौताअनुसारको स्टल/स्थानउपलब्ध गराइनेछ । सो धरौटीको रकमव्यापारी/कृषकले स्टल छाड्दाकाबखतमा समिति र निजबिचको आर्थिक हिसाब फर-फारक भएपश्चात् समितिले निजलाई फिर्ता दिइनेछ । तर उक्त रकममाकुनै किसिमको ब्याजदिईने छैन ।

४. व्यापारी/कृषकले समितिलाई तिर्नुपर्ने मासिक भाडा समितिद्वारा निर्धारित भुक्तानीतालिकाअनुसार तिर्नेछ । स अनुसर चालु महिनाको भाडा सोहीमहिनाभित्रतिरी सक्नु पर्नेछ । अर्को महिनाको ......... गतेदेखि.............. प्रतिशत जरिवाना सहितमासिक भाडा बुझाउन सकिनेछ । सो समय भित्रपनि भाडा र जरिवानानबुझाएमा समितिले कुनै पनिबखतनिजसँग सम्झौता रद्द गरी स्टल/स्थल/सुविधाखाली गराउन सक्नेछ । धरौटी,

भाडा रकमतथामासिक रूपमाबुझाउने स्टल भाडा तथाअन्यशुल्कव्यापारी तथा कृषकहरूले समितिले तोकेको बैंकको खातामाजम्मा गरेको भौचर पेश गरी बैंक मार्फत कारोबार गर्नु पर्नेछ। समितिले व्यापारी/कृषकसँगपाउनु पर्ने बक्यौता भाडा तथा जरिवाना रकमनिजको धरौटीबाट कट्टा गरी लिनेछ।

५. व्यापारी कृषकले सम्झौता गरी लिएको स्टल/स्थल/सुविधाआफूले मात्रप्रयोग गर्नुपर्नेछ। अन्य कसैलाई भाडामा लगाएको वा बेचबिखन गरेको पाइएमा समितिले निज सँगको सम्झौता

रद्द गरी त्यसरी अनियमित रूपमा स्टल/स्थल/सुविधालिने दिने दुवैलाई भविष्यमा समेत बजारबाट प्रदानगरिने सुविधाहरूबाट बञ्चितगरिनेछ। समितिले यस सम्झौतापत्रमाआवश्यकतानुसार बुदाँहरू थपघट गर्न सक्नेछ।

६. व्यापारी/कृषकले समितिबाट उपलब्ध गराइने धारा, विद्युत, टेलिफोन, फ्याक्स जस्ता सुविधाहरू निर्धारित शुल्कतिरेर उपभोग गर्न पाउनेछ। साथै समितिको सिफारिसमाव्यापारीले जडान गरेका निजीविद्युत र टेलिफोन लाइनको हकमाप्रत्येक महिनाको महशुलतिरेको बिलको प्रतिलिपी (फोटोकपी) सोहीमहिनाभित्र समितिको कार्यालयमाअनिवार्य बुझाउनु पर्नेछ।

७. व्यापारी/कृषकले आफ्नो कारोबार (खरिद-बिक्री, माल ढुवानी, सरसफाई आदिकार्य) समितिले तोकेको बजार संचालनकार्य तालिका (बजार खुल्ने, बन्दहुने, सरसफाई आदिको समय तालिका) अनुसार गर्नु पर्नेछ।

८. समितिद्वारा निर्धारित प्रवेश शुल्कतिरेका ढुवानी तथा सवारी साधनलाई मात्रबजार भित्रप्रवेश गर्न दिईनेछ।

९. आफ्नो स्टल/कोठा/स्थान र सो को वरिपरिको भागको सफाईको जिम्मेवारी व्यापारी/कृषक स्वयंको हुनेछ। साथै सडे गलेका फलफूल, तरकारी, प्याकिंग सामग्रीतथात्यस्तै अन्यफोहर पदार्थहरू समितिद्वारा निर्धारित स्थान /कन्टेनर मै फ्याक्नु पर्नेछ।

१०. व्यापारी/कृषकले आफूले प्रयोग गर्ने स्टल/कोठा/स्थानवाबजार क्षेत्र भित्रको कुनै पनि स्थान/संरचनामा समितिले लिखित स्वीकृतिविनाकुनै किसिमको हेरफेर (निर्माण, मर्मत वा स्वरूप परिवर्तन आदि) गर्न पाउने छैन।

११. व्यापारी/कृषक आफू र निजको कर्मचारी वानिजको कारोबारसँग प्रत्यक्षतः सम्बद्ध अन्यव्यक्तिले बजार हाताभित्रकुनै किसिमको गैर कानुनी उच्छृंखल, असामाजिकवा समितिद्वारा निषेधितक्रियालाप गर्ने/गर्न दिने छैन।

१२. व्यापारी/कृषक वानिजको कर्मचारी वा कारोवारसँग सम्वद्ध अन्यव्यक्तिवा ढुवानी साधनद्वारा जानाजानवाअसावधानीवश् बजार वा समितिको कुनै हानी-नोक्सानीभएमा समितिले व्यापारी/कृषकसँग सो को क्षतिपूर्ति भराउन सक्नेछ। साथै त्यस्तो हानी नोक्सानीको, कानूनीदायित्व समेत व्यापारी/कृषक स्वयंको हुनेछ।

१३. व्यापारी/कृषक वानिजको सहायककमृचारी ले कारोबार गर्ने स्थल सटरमा बस्दा समितिले तोकिएको पोशाक र परिचयपत्र सहित बस्नु पर्नेछ।

१४. यस सम्झौता-पत्रमाउल्लेखितशर्त/प्रावधानहरूको हकमा यसै अनुसार र सो बाहेककाहकमा समितिको बजार संचालन सम्बन्धिकार्यविधि, कृषिबजार विकास तथाव्यवस्थापनतथाविकास निर्देशिका, २०८० तथाप्रचलित ऐन नियमबमोजिमहुनेछन्।

१५. यस सम्झौताका सम्पूर्ण बुँदा र शर्तहरू सम्बन्धितदुवै पक्षकालागि समान रूपमामान्य र बन्धनकारी हुनेछन्।

१६. यो सम्झौतामिति ……………………देखि लागु भै मिति ………………… सम्म मान्य रहनेछ यसमादुवै पक्षको आपसी सहमतीमाम्यादथपवानवीकरण वा संशोधन गर्न सकिनेछ।

१७. यस सम्झौतामाउल्लेख गरिएकाअतिरिक्तअन्यकुनै विषयमाविवादउत्पन्नभएमादुवै पक्षको सहमतिको आधारमाव्यवस्थापन गर्न सकिनेछ।

सम्झौतामा सही छाप गर्ने

| | |
|---|---|
| समितिको तर्फबाट | व्यापारी/कृषकको तर्फबाट |
| नाम : | नाम : |
| पद : | पद : |
| ठेगाना : | ठेगाना : |
| दस्तखत : | दस्तखत : |

साक्षी

| | | |
|---|---|---|
| १. नाम : | २. नाम : | ३. नाम : |
| ठेगाना : | ठेगाना : | ठेगाना : |
| दस्तखत : | दस्तखत : | दस्तखत : |

इति सम्वत्………………… साल……………महिना…………गते………… रोज शुभम्।

प्रमाणिकरण मितिः २०८१/०२/४

आज्ञाले

कल्पना भट्ट

प्रमुख प्रशासकीय अधिकृत